# छैठौं गाउँ कार्यपालिकाको बैठक

## कपुरकोट गाउँपालिका, सल्यान

आज मिति २०८२ साल पुष २४ गते दिनको ११:०० बजे यस कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा कपुरकोट गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को छैठौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

<u>उपस्थिती :</u>

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री बालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री इश्वर बुढा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री प्रदिप खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मित्रलाल कठायत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री होमराज खड्का | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री श्याम कृष्ण बोहरा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री विमल कामी | कार्यपालिका सदस्य | |
| १० | श्री तिला कुमारी कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री राधिका ऐरी | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री अनिता पून | कार्यपालिका सदस्य | |
| १४ | श्री तीला बुढाथोकी रोका | कार्यपालिका सदस्य | |
| १५ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | श्री नेत्र नारायण भण्डारी | शाखा अधिकृत | |
| २ | श्री भरत के.सी. | वरिष्ट लेखा अधिकृत | |
| ३ | श्री विर ब. चौधरी | का.स. (सहयोगी) | |
| | | | |

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

**आ.व. २०८२/०८३ को छैटौं गाउँकार्यपालिका बैठकका प्रस्तावहरु :**

१. पाचौं कार्यपालिकाको बैठकको समीक्षा सम्वन्धमा।

२. कपुरकोट गाउँपालिका, गाउँसभाको १८ औं अधिवेशन सञ्चालन सम्वन्धमा ।

३. आ.व. २०८२।०८३ को सुरु स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरुको संशोधन सम्वन्धमा।

४. १५ शैया अस्पतालमा विद्युत जडान सम्वन्धमा।

५. योजना कार्यान्वयनका लागि MOU गर्ने सम्वन्धमा।

६. सूचना प्रविधि अधिकृत श्री भानुभक्त भण्डारीलाई सातौं तहमा संझौता गर्ने सम्वन्धमा।

७. गाउँपालिका कप र वडा कप प्रतियोगिता सञ्चालन तथा व्यवस्थाप कार्यविधि स्विकृत सम्वन्धमा।

८. आ.व. २०८३/०८४ को लागि समपूरक र विशेष अनुदान अन्तर्गतको योजना माग गर्ने सम्वन्धमा।

९. कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानमा स्थानीय स्तरमा एकीकृत सेवा प्रवाह(one step service delivery system-OSSD) स्थापना तथा सञ्चालन कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धमा।

१०. विविध

१०.१. करार सेवाका कर्मचारीहरुको करार म्याद थप गर्ने सम्वन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## २०८२ पौष २३ गते बसेको आ.व. २०८२/०८३ को छैटौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्वन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | कार्यपालिका बैठकको समीक्षा सम्वन्धमा। | विगतका कार्यपालिकाको बैठकवाट निर्णय भए गरेका निर्णयहरुको कार्यान्वियन र सोको प्रभावको वारेमा समेत समीक्षा गर्नु पर्ने। | हालसम्म गाउँकार्यपालिकाको बैठकवाट भए गरेका निर्णयहरु र सोको कार्यान्वयनको सम्वन्धमा प्रमुख प्रशासकीय अधिकृतवाट प्रगती विवरण प्रस्तुत भई समीक्षा गर्दा निर्णयहरुको कार्यान्वयनमा सिघ्रता देखिएको र उपभोक्ता समितिबाट हुने योजनाहरुको संझौताको कार्य प्रगति सन्तोषजनक रहेको भए पनि पूर्वनिर्धारित समयमा सम्पन्न नभएको देखियो। आगामि दिनमा योजना कार्यान्वयनमा सम्वन्धित वडाका जनप्रतिनिधिहरु र सम्वद्ध शाखाका कर्मचारीहरुले तदारुकता प्रदान गर्नु पर्ने। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| २. | कपुरकोट गाउँपालिका, गाउँसभाको १८ औं अधिवेशन सञ्चालन सम्वन्धमा । | कपुरकोट गाउँपालिका,गाउँसभाको १८ औं अधिवेशन आहान गरी विविध विषयमा प्रस्ताव पेश गर्नु पर्न भएको। | कपुरकोट गाउँकार्यपालिकाको पाँचौ वैठकवाट मिति २०८२/०९/२८ गते गाउँसभाको १८ औं अधिवेशन वस्ने गरी मिति निर्धारण गरेकोले १८ औं अधिवेशन लाई दुइवटा वैठकमा विभाजन गरी पहिलो वैठक सोहि मितिमै सूचारू गरी यस वैठकको अनुसूची-१ मा उल्लेखित प्रस्तावहरु सम्वन्धित प्रस्तावक मार्फत पेश गर्नु पर्ने। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | आ.व. २०८२।०८३ को सुरु स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरुको संशोधन सम्वन्धमा। | कपुरकोट गाउँपालिका गाउँसभाको १७ औं अधिवेशनवाट पारित वार्षिक योजना तथा कार्यक्रमहरुको संशोधन सम्वन्धी प्रस्ताव कार्यपालिकावाट अनुमोदन गरी गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्नु पर्ने। | कपुरकोट गाउँपालिका, गाउँसभाको १७ औं अधिवेशन वाट स्वीकृत भई कार्यान्वयन भई रहेको आ.व. २०८२/०८३ को वार्षिक वजेट योजना तथा कार्यक्रममा संशोधनको लागि वजेट तथा कार्यक्रम तर्जुमा समितिवाट मिति २०८२/०९/२३ गते सिफारिस भई आएकोले पेश भएको प्रस्ताव उपर छलफल गरी अनुमोदन गरी गाउँसभाको १८ औं अधिवेशनमा पेश गर्ने। संशोधन सम्वन्धी विवरण यसै वैठकको अनुसूची-२ वमोजिम रहेको। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| ४. | १५ शैया अस्पतालमा विद्युत जडान सम्वन्धमा। | यस कपुरकोट गाउँपालिकाको वडा नं.३ मा निर्माण सम्पन्न भएको १५ सैया आधारभूत अस्पताल सञ्चालनका लागि ३ फेजको विद्युत लाईन विस्तार गर्नु पर्ने भएको। | यस कपुरकोट गाउँपालिकाको वडा नं.३ मा निर्माण सम्पन्न भएको १५ सैया आधारभूत अस्पताल सञ्चालनका लागि ३ फेजको 'विद्युत लाईन विस्तार गर्नु पर्ने भई नेपाल विद्युत प्राधिकरण, सल्यान वितरण केन्द्रलाई सोको लागि फिल्ड सर्वेक्षण गरी लागत अनुमान तयार गर्न अनुरोध गरिएकोमा उक्त कार्यालयवाट मिति २०८२/०९/११ मा प्राप्त पत्रानुसार 100 KVA, 11/0.4 kv क्षमताको ट्रान्सफर्मर समेत आवश्यक पर्नेमा उक्त ट्रान्सफर्मर पालिका आफैले व्यवस्थापन गर्नु पर्ने र सो वाहेकको अन्य विद्युतिकरणको सामग्री खरिद र जडान गर्ने काम वितरण केन्द्र आफैले गर्ने र सोको लागत अनुमान जम्मा रु. ६९५९१३.५५ रहेको छ। सोहि पत्र वेहोरा अनुसार उक्त विद्युतीकरणको कार्य गर्न नेपाल विद्युत प्राधिकरण, सल्यान वितरण केन्द्र संग संझौता गरी केन्द्रको माग अनुसार रु.६९५९१३.५५ | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | केन्द्रको धरौटी खातामा पेश्की रकम उपलव्ध गराउने। साथै १५ सैया अस्पतालमा जडान गर्ने प्रयोजनका लागि १०० kVA क्षमताको ट्रान्सफर्मर अविलम्व खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ८५(१) वमोजिम गाउँकार्यपालिकाको कार्यालयलाई खरिद प्रक्रिया अघी वढाउन आदेश गर्ने। | | |
| ५. | योजना कार्यान्वयनका लागि MOU गर्ने सम्वन्धमा। | चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार कर्णाली प्रदेश सरकारवाट प्राप्त पूजिगत विशेष अनुदान अन्तर्गत दमैखोला गह्टेटाकुरा लिफ्ट खानेपानी योजना वडा नं १ र सिस्नेरी खानेपानी योजना वडा नं ५ मा गाउँपालिकावाट रु ५०।५० लाख रकम विनियोजन भएकोमा सोहि योजनामा कर्णाली प्रदेश सरकार मातहतको निकाय सिचाई खानेपानी तथा उर्जाविकास कार्यालय सल्यानवाट कार्यान्वयन हुने गरी प्रदेश सरकारवाट छुट्टै रकम विनियोजन भएको पाइएकोले फरक फरक Item छुट्टाई ठेक्का वन्दोवस्ती गर्नु पर्ने भएको। | चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार कर्णाली प्रदेश सरकारवाट प्राप्त पूजिगत विशेष अनुदान अन्तर्गत दमैखोला गह्टेटाकुरा लिफ्ट खानेपानी योजना वडा नं १ र सिस्नेरी खानेपानी योजना वडा नं ५ मा गाउँपालिकावाट रु ५०।५० लाख रकम विनियोजन भएकोमा सोहि योजनामा कर्णाली प्रदेश सरकार मातहतको निकाय सिचाई खानेपानी तथा उर्जाविकास कार्यालय सल्यानवाट कार्यान्वयन हुने गरी प्रदेश सरकारवाट छुट्टै रकम विनियोजन भएको पाइएकोले फरक फरक Item छुट्टाई ठेक्का वन्दोवस्ती गर्नु पर्ने भएकोले सम्वन्धित कार्यालयसंग समझदारी पत्रमा संझौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | गाउँपालिका कप र वडा कप खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि अनुमोदन सम्वन्धमा। | शिक्षा शाखावाट तयार भई पेश भएको गाउँपालिका कप र वडा कप सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८२ अनुमोदन गर्नु पर्ने भएको। | कपुरकोट गाउँपालिकावाट सञ्चालन हुने गाउँपालिका कप प्रतियोगिता र वडा कप प्रतियोगितालाई व्यवस्थित गर्न आवश्यक कार्यविधिको मस्यौदा तयार भई पेश भएकोले उक्त मस्यौदा अध्ययन गरी हेर्दा मनासिवनै देखिएकोले "कपुरकोट गाउँपालिका कप र वडा कप प्रतियोगिता सञ्चालन र व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८२" अनुमोदन गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | शिक्षा युवा तथा खेलकुदशाखा |
| ८. | आ.व. २०८३।०८४ का लागि संघीय सरकार र प्रदेश सरकारमा पेश गर्नु पर्ने समपुरक र विषेश अनुदान अन्तर्गतका योजनाहरुको विवरण सम्वन्धमा। | आ.व. २०८३।०८४ का लागि संघीय सरकार र प्रदेश सरकारमा पेश गर्नु पर्ने समपुरक र विषेश अनुदान अन्तर्गतका योजनाहरु छनौट गरी राष्ट्रिय योजना आयोग र प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्नु पर्ने। | आ.व. २०८३।०८४ का लागि संघीय सरकार र प्रदेश सरकारमा पेश गर्नु पर्ने समपुरक र विषेश अनुदान अन्तर्गतका योजनाहरु छनौट गरी राष्ट्रिय योजना आयोग र प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्नु पर्ने भएकोले यसै वैठकको निर्णयको अनुसूची-3 मा उल्लेखित योजनाहरुको विवरण छनौट गरी सम्वन्धित निकायमा पेश गर्ने | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | योजना तथा प्रशासन शाखा |
| ९. | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानमा स्थानीय स्तरमा एकीकृत सेवा प्रवाह(one step service delivery system-OSSD) सञ्चालन कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धमा। | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानमा स्थानीय स्तरमा एकीकृत सेवा प्रवाह(one step service delivery system-OSSD) स्थापना तथा सञ्चालन कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना अनुसार प्रस्तावना पेश गर्ने र लागत साँझेदारीको लागि प्रतिवद्धता पेश गर्नु पर्ने भएको। | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानमा स्थानीय स्तरमा एकीकृत सेवा प्रवाह(one step service delivery system-OSSD) स्थापना तथा सञ्चालन कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना अनुसार रु. ५ लाख रकम साँझेदारी गर्ने र आवश्यक कार्यविधि सिघ्र निर्माण गर्ने प्रतिवद्धता जनाई प्रस्ताव पेश गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | सूचना प्रविधि शाखा |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | सूचना प्रविधि अधिकृत श्री भानुभक्त भण्डारीलाई ७ औं पद कायम गरी संझौता गर्ने सम्वन्धा। | सूचना प्रविधि अधिकृत(हाल अधिकृत छैटौं करार सेवामा कार्यरत) श्री भानुभक्त भण्डारीले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट मिति २०८२।०६।०५ मा जारी भएको "स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्वन्धी कार्यविधि, २०८२" को दफा (६) वमोजिम अधिकृत स्तर सातौं तहमा संझौता गरी पाउँभनि यस गाउँपालिकामा निवेदन दिएको। | सूचना प्रविधि अधिकृत(हाल अधिकृत छैटौं करार सेवामा कार्यरतें) श्री भानुभक्त भण्डारीले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट मिति २०८२।०६।०५ मा जारी भएको "स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्वन्धी कार्यविधि, २०८२" को दफा (६) वमोजिम अधिकृत स्तर सातौं तहमा संझौता गरी पाउँभनि यस गाउँपालिकामा निवेदन दिएकोमा सो तर्फ विचार गर्दा नेपाल सरकार सशर्त अनुदान अन्तर्गत सातौं तहको लागि वजेट प्राप्त भएको र उल्लिखित कार्यविधिको दफा (६) को उपदफा (१) अनुसार स्थानीय तहको अधिकृत स्तर सातौं तहमा संझौता गरी कामकाजमा लगाउन सकिने देखिएकोले २०८२ साल कार्तिक देखि लागु हुने गरी छुट भएको तलव भुक्तानी दिने र माघ ०१ गते २०८२ देखी संझौता नविकरण गर्दा सातौं तहमा संझौता गर्ने। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | विविध सम्बन्धमा | १०.१.करार सेवामा कार्यरत कर्मचारीहरुको करार सेवा अवधी थप गर्ने सम्बन्धमा। | करार सेवामा कार्यरत कर्मचारीहरुको करार सेवा अवधी थप गर्ने सम्बन्धमा सबै वडा कार्यालय, स्वास्थ्य संस्था र गाउँ कार्यपालिकाको कार्यालयमा विभिन्न पदमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार अवधि २०८२ पौष मसान्तमा सकिने भएकोले २०८३ असार मसान्त सम्म करार सेवा अवधी थप गरी संझौता गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

<u>२०८२ पौष २३ गते बसेको आ.व. २०८२/०८३ को छैटौं गाउँ कार्यपालिका बैठकको</u>

<u>अनुसूची-१</u>

<u>निर्णय नं.२ संग सम्वन्धित</u>

## <u>कार्यसूची र समयतालिका</u>

वैठक संख्या: १

वैठक स्थान: गाउँपालिका सभाहल

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री दुर्गा वहादुर पुनज्यू

| मिति | वैठक वस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२/०८/२८ | दिउस ११ वजे | लेखा समिति गठन सम्वन्धी प्रस्ताव | अध्यक्ष श्री दुर्गा वहादुर पुनज्यू | |
| २०८२/०९/२८ | दिउस ११:१० वजे | विभिन्न कानून तर्जुमा सम्वन्धी विधेयकको मस्यौदा सम्वन्धी प्रस्ताव पेश गर्ने | विधायन समिति संयोजक श्री मित्रलाल कठायत | |
| २०८२/०९/२८ | दिउस ११:३० वजे | वेरुजु समपरीक्षण सम्वन्धी प्रस्ताव, २०८२ पेश गर्ने | लेखा समितिको तर्फवाट | |
| २०८२/०९/२८ | दिउसो ११:४५ वजे | चालु वर्ष २०८२/०८३ को स्वीकृत वजेट योजना तथा कार्यक्रम संशोधन सम्वन्धी प्रस्ताव, २०८२ पेश गर्ने | उपाध्यक्ष श्री प्रकाश भरारी | |
| २०८२/०९/२८ | दिउसो १२.१५ वजे | स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्मान कार्यक्रम | सभाका सचिव श्री दिनेश पौडेल | |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## निर्णय नं.८ संग सम्बन्धित अनुसूची-३

**संघीय समपुरक अनुदान अन्तर्गत प्रस्तावित योजनाहरु**

१. कपुरकोट सातबोबाटो सडक स्तरोन्नती योजना वडा नं३ (क्रमागत बहुवर्षिय योजना रहेको)
२. टुनिबोट छायानाथ कोइल सडकस्तरोन्नती योजना वडा नं. ६
३. खाली सितलबजार टुनिबोट सडक स्तरोन्नती योजना वडा नं. ५

**संघीय विशेष अनुदान अन्तर्गत प्रस्तावित योजनाहरु**

१. बगरखोला भुन्टे टाकुरा लिफ्ट खानेपानी योजना वडा नं.१(क्रमागत बहुवर्षिय योजना)
२. घघारीचौर पर्यटन पार्क तथा पिकनिक स्पर्ट निर्माण योजना वडा नं.४
३. कालापात्ला लीफ्टिङ खानेपानी योजना वडा नं.१

**प्रदेश सरकार समपूरक अनुदान अन्तर्गत प्रस्तावित योजनाहरु**

१. रातामाटा सातामुल रिमालीज्यूला सिनबाङ रिडरोड सडक स्तरोन्नती योजना वडा नं.६
२. खालि गर्पा दहबन सडक स्तरोन्नती योजना वडा नं. २ र १
३. कपुरकोट फलाबाङ सडक निर्माण योजना वडा नं. ४
४. सिलेखोला तटबन्धन निर्माण योजना वडा नं. २
५. जनचेतना प्रा.वि. लामपोखरा पक्कि भवन निर्माण योजना वडा नं.१

**प्रदेश सरकार विशेष अनुदान अन्तर्गत प्रस्तावित योजनाहरु**

१. स्वास्थ्य चौकि भवनमा तला थप तथा मर्मत योजना वडा नं.४
२. स्वास्थ्य चौकि भवनमा तला थप तथा मर्मत योजना वडा नं. १
३. प्राबि मूलपानी भवन निर्माण योजना वडा नं. ३
४. दहबन आ.वि. पक्कि भवन निर्माण योजना वडा नं.१

प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | केन्द्रको धरौटी खातामा पेश्की रकम उपलब्ध गराउने। साथै १५ सैया अस्पतालमा जडान गर्ने प्रयोजनका लागि १०० kVA क्षमताको ट्रान्सफर्मर अविलम्ब खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ८५(१) वमोजिम गाउँकार्यपालिकाको कार्यालयलाई खरिद प्रक्रिया अघी वढाउन आदेश गर्ने। | | |
| ५. | योजना कार्यान्वयनका लागि MOU गर्ने सम्वन्धमा। | चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार कर्णाली प्रदेश सरकारवाट प्राप्त पूजिगत विशेष अनुदान अन्तर्गत दमैखोला गठ्ठेटाकुरा लिफ्ट खानेपानी योजना वडा नं १ र सिस्नेरी खानेपानी योजना वडा नं ५ मा गाउँपालिकावाट रु ५०।५० लाख रकम विनियोजन भएकोमा सोहि योजनामा कर्णाली प्रदेश सरकार मातहतको निकाय सिचाई खानेपानी तथा उर्जाविकास कार्यालय सल्यानवाट कार्यान्वयन हुने गरी प्रदेश सरकारवाट छुट्टै रकम विनियोजन भएको पाइएकोले फरक फरक Item छुट्टाई ठेक्का वन्दोवस्ती गर्नु पर्ने भएको। | चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार कर्णाली प्रदेश सरकारवाट प्राप्त पूजिगत विशेष अनुदान अन्तर्गत दमैखोला गठ्ठेटाकुरा लिफ्ट खानेपानी योजना वडा नं १ र सिस्नेरी खानेपानी योजना वडा नं ५ मा गाउँपालिकावाट रु ५०।५० लाख रकम विनियोजन भएकोमा सोहि योजनामा कर्णाली प्रदेश सरकार मातहतको निकाय सिचाई खानेपानी तथा उर्जाविकास कार्यालय सल्यानवाट कार्यान्वयन हुने गरी प्रदेश सरकारवाट छुट्टै रकम विनियोजन भएको पाइएकोले फरक फरक Item छुट्टाई ठेक्का वन्दोवस्ती गर्नु पर्ने भएकोले सम्वन्धित कार्यालयसंग समझदारी पत्रमा संझौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत